# बाढी-उत्थानशील जीविकोपार्जनका लागि कृषि-वन प्रणाली

## कृषि-वन भनेको के हो ?

कृषि-वन भनेको एउटै जमिनमा बाली र/वा पशुपालनसँगै रूखहरू लगाएर गरिने खेती प्रणाली हो । यसले किसानलाई आय-आर्जन गर्न सहयोग पुऱ्याउनुका साथै बाढी र अन्य जलवायु परिवर्तनको असरबाट जमिनलाई संरक्षण गर्न मद्दत गर्दछ ।

## कहाँ आवश्यक छ ?



- बारम्बार बाढी आउने क्षेत्रहरूमा
- नदी कटान हुने तटीय तथा बगर क्षेत्रहरूमा
- बालुवा जमेर खेतीयोग्य जमिन नष्ट भएका ठाउँहरूमा
- हैसियत बिग्रेका तथा क्षयग्रस्त भूमि भएका ग्रामीण क्षेत्रहरूमा

## किन आवश्यक छ ?




- भूमि पुनर्स्थापना र संरक्षण गर्न
- बाढी र नदी कटानको जोखिम घटाउन
- जलवायु परिवर्तनको असर अनुकूलन गर्न
- किसानको आम्दानी र जीविकोपार्जन सुधार गर्न
- प्रकृतिमा आधारित समाधान र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनका रूपमा दीगो खेती प्रवर्द्धन गर्न

## कृषि-वन प्रणालीका फाइदाहरू

### आर्थिक

- बाली, फलफूल, काठ, घाँस तथा दाउराबाट आम्दानी
- क्षयग्रस्त तथा बाढी प्रभावित जमिनको राम्रो उपयोग
- स्थानीय रोजगारीका अवसर सिर्जना



### पर्यावरणीय

- नदी किनार र नदी तटिय क्षेत्र स्थिर बनाउने
- कटान र पहिरो न्यूनीकरण
- जैविक विविधता संरक्षण, माटोको उर्वराशक्ति र जल पुनर्भरण क्षमता वृद्धि



### सामाजिक

- महिला, दलित तथा जमिन विहीन/कम जमिन भएका घरपरिवारलाई सहयोग
- खाद्य तथा पोषण सुरक्षामा सुधार
- जलवायु-प्रतिरोधी जीविकोपार्जन सुदृढीकरण



## कृषि-वन प्रणालीहरू

- **कृषि-रुख प्रणाली**: बाली + काठजन्य रुख
- **कृषि-वृक्ष-फलफुल प्रणाली**: बाली + फलफूलका रुख
- **चरन प्रणाली**: रुख + घाँस/चरन + पशु
- **मत्स्य पालन**: माछा पोखरी वरिपरि रुख
- **घर बगैचा**: घर वरिपरि फलफूल र डालेघाँसका रुख, बाली, तरकारी, औषधिजन्य बोटबिरुवा आदि



## उपयुक्त प्रजातिहरू

- **रूख**: खयर, बाँस, सिसौ, जामुन
- फलफूल: आँप, लिची, केरा, अम्बा, मेवा, कटहर, अमला
- **घाँस**: नेपियर, स्टाइलो, धैंचा, काँस, इपिल-इपिल
- **बाली**: धान, गहुँ, उखु, मसुरो, रहर, मकै, तरकारी



## रोपण तथा व्यवस्थापनका आधारभूत ज्ञानहरू

- मनसुनको सुरुवाती समयमा रोप्ने
- काँटछाँट गरी उचित दूरी कायम गर्ने
- चरन, आगलागी तथा कीराबाट संरक्षण गर्ने
- जैविक मल तथा जैविक विषादीको प्रयोग गर्ने
- छोटो अवधिका बालीसँग दीर्घकालीन रूखहरूको संयोजन गर्ने



## कृषि-वनमा समावेशिता कसरी ?



- कम्तीमा ५०% महिलाको सहभागिता सुनिश्चित गर्ने
- युवा, आदिवासी, जनजाति, दलित, भूमिविहीन तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्ने
- तालिम तथा अन्य सामाजिक र आर्थिक अवसरहरूमा सरोकारवालाहरुको समान पहुँच सुनिश्चित गर्ने
- लाभ वितरणमा न्यायोचित तथा समान पहुँच सुनिश्चित गर्ने





Global EbA Fund
IUCN
Supported by:
Federal Ministry for the Environment, Nature Conservation, Nuclear Safety and Consumer Protection
based on a decision of the German Bundestag
IKI INTERNATIONAL CLIMATE INITIATIVE
HEIFER INTERNATIONAL NEPAL
THE SMALL EARTH NEPAL-2001
ForestAction